STUDY JAPAN

६ महिना tuition fees & Hostel
गरि रू. 492,960/- मात्र
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
Note: JLPT N 1 उत्तीर्ण गर्न सक्षम अनुभवी र दक्ष शिक्षकहरु द्वारा अध्यापन गराइने
NADESHIKO
Language Institute
Ranipauwa, barrack gate(Beside Karmacharya Hardware)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ५ ○अंक ९९४ ○श्रेणी 'क' ○२०७१ वैशाख ८ गते सोमबार ○ 21 April. 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓सुरुमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

लोकतान्त्रिक पद्धतिबाट एमाओवादी कास्कीको अधिवेशन सम्पन्न

३८ जना निर्वाचित, नेतृत्व चयन आज

गोल्डेन न्यूज संवाददाता
पोखरा,७ वैशाख ।

पोखरामा जारी एमाओवादी कास्कीको छैटौं अधिवेशन लोकतान्त्रिक पद्धति (निर्वाचन) बाट ३८ जना जिल्ला सदस्य निर्वाचित गर्दै आइतबार सम्पन्न भएको छ । एमाओवादीको इतिहासमा नै लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन हुन लागेको यो पहिलो पटक हो । शुक्रबारबाट शुरु भएको सम्मेलन दुई दिनमा सकिने भनिएपनि विभिन्न विवादका कारण तीन दिन लाग्न पुगेको थियो । कास्कीको आगामी नेतृत्वको छिनोफानो भने सोमबार बस्ने जिल्ला समितिको बैठकले गर्ने छ । बैठकले अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष चयन गर्ने छ । यसपटकको अधिवेशनबाट एमाओवादी कास्कीमा अधिकांश युवापंक्ति विजयी भएका छन् । आगामी नेतृत्वका लागि १ सय १६ जनाले उम्मेदवारी दिएका थिए । जसमध्येबाट ३८ जना विजयी भएका हुन् । सम्मेलनबाट एमाओवादीको राष्ट्रिय सम्मेलनका लागि १९ जना विजयी भएका छन् । जसमा ३८ जनाले उम्मेदवारी दिएका थिए । सम्मेलनले सल्लाहकार समिति समेत सर्वसम्मत चयन गरेको छ । योसगै जिल्ला समिति ५१ जनाको हुनेछ । ३८ जनाको समितिले विभिन्न क्षेत्रका १३ जनालाई मनोनित गर्ने व्यवस्था रहेको बताइन्छ । निर्वाचनमा करिब ४ सय ५० मत खसेको थियो । जिल्ला समितिमा विजयी भएका पूर्ण गिरी सबैभन्दा ज्येष्ठ सदस्य हुन् उनी हाल ६१ वर्षमा चल्दैछन् । निर्वाचनबाट ८ जना महिला विजयी भएका छन् भने ९ जना आदिवासी जनजाती र ३ जना दलित समुदायबाट विजयी भएका छन् । निर्वाचनमा सबैभन्दा बढि मत बखानसिंह तमु (आभाष)ले प्राप्त गरेको बताइन्छ । उनले २ सय ९३ मत प्राप्त गरेका छन् । त्यस्तै पूर्व सभासद दुर्गा विकले २ सय ५३ मत प्राप्त गरि विजयी भएकी छन् । उही सहित परिवार कास्कीका अध्यक्ष समेत भएकीले बढी मत प्राप्त गरेको बताइन्छ । यस्तै दीपक कोइराला (रुपक) ले २ सय ४३, गुप्तबहादुर ठकुरी (सन्देश)ले २ सय ३२ र रामजीप्रसाद बराल (जीवन) ले २ सय १५ मत प्राप्त गरेका छन् । लालमोहन तिवारी (सागर)ले २ सय ७, तेजकुमारी पौडेलले २ सय, धर्म तमुले १ सय ६८, गंगा पोखरेलले १ सय ६८, निर्मला सुवेदीले १ सय ६२, दिलिपविक्रम शाहीले १ सय ५९, पूर्ण गिरीले १ सय १, सुमन देवकोटाले १ सय ४९, मनहरी तिमिल्सिनाले १ सय ४०, अमरदीप पराजुलीले १ सय ३६, हमबहादुर थापाले १ सय ३१, केशव पौडेलले १ सय ३०, राजेन्द्र न्यौपानेले १ सय २७, विभुवन पौडेलले १ सय २६ ले मत पाएर विजयी भएका छन् ।

त्यसैगरी सिर्जना त्रिपाठीले १ सय २३ मत प्राप्त गरेकी छन् । उनी केन्द्रीय अध्यक्ष पुष्पकमल दाहाल पुचण्डकी बुहारी हुन् । उनका श्रीमान् प्रकाश दाहालले विना मगरसंग विवाह गरेपछि छोरासँगै माइतमा बस्दै आएकी थिइन । सिर्जनालाई जिल्लाका अधिकांश कार्यकर्ताले समर्थन गरेको बताइन्छ । निर्वाचित अन्य सदस्यहरूमा नवराज भण्डारी १ सय १८, भीमबहादुर वि.क (क्षितिज)ले १ सय १५, सोमती तमुले १ सय १४, लोकप्रसाद बञ्जराले १ सय १३, बालसिं काउछा मगरले १ सय १२, मिनबहादुर गुरुङले १ सय ११, रिम बस्यालले १ सय १०,

बाँकी अन्तिम पृष्ठमा.....

सहमतिमा सभापति चयनको प्रयास विफल

काठमाडौं,७ वैशाख ।(रासस)

सबैधानिक, राजनीतिक संवाद तथा सहमति समितिले सभापतिको चयन प्रक्रिया सहमतिका आधारमा हुन नसकेको व्यहोरासहितको जानकारी संविधानसभाका अध्यक्षलाई दिने निर्णय गरेको छ । सिंहदरबारस्थित संविधानसभा सचिवालयमा बसेको समितिको बैठकले लामो समयसम्म सर्वसम्मतिको आधारमा सभापति चयनको लागि प्रयास गरेपनि सहमतिको बिन्दु फेला नपरेको जनाउँदै निर्वाचन प्रक्रियाका आधारमा चयन प्रक्रिया तत्काल थाल्न सुझाउ दिएको थियो ।

निर्वाचन प्रक्रियामा गएतापनि सहमतिका आधारमा चयन गर्न राजनीतिक नेतृत्वलाई सुझाउ दिँदै बैठकमा भाग लिने अधिकांश सदस्यले सहमतिका नाममा मुलुकलाई लामो समयसम्म बन्दक बनाउन नहुने बताए ।

बैठकमा सदस्यहरुले लामो समयसम्म सभापति चयन नहुँदा संविधान लेखनको हिसाबले ज्यादै महत्वपूर्ण मानिएको राजनीतिक संमितिपति जनताको चासो घट्नुका साथै स्वयम् समिति नै निदाएजस्तो देखिएकाले अब तत्काल प्रक्रियाका आधारमा सभापति चयनको बाटो खुल्ला गर्न जरुरी रहेको आवश्यकता औंल्याए ।

सहमतिको नाममा पटकपटक समितिको बैठक सानें काम भएतापनि प्रमुख दलका शीर्ष नेतृत्वबाटै सहमतिको लागि आवश्यक प्रयास नभएको भनि आक्रोश व्यक्त गर्दै उनीहरुले काममा ढिलाइ गर्ने अनि सहमतिको नाममा फेरि कार्यतालिका संशोधन गर्ने कार्यले जनतामा निराशा पैदा हुनेतर्फ सचेत रहन शीर्ष नेतृत्वलाई सुझाउ दिएका थिए ।

बैठकमा सभासद् चन्द्र भण्डारी, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, अतहर कमाल मुसलमान, एकनाथ ढकाल, केशव बडाल, दिलनाथ गिरी, प्रेमबहादुर सिंह, जीतबहादुर दर्जी, गणेशमान गुरुङ, गोपाल दहित र महिन लिम्बूले समितिको बैठकमा प्रमुख दलका शीर्ष नेताहरु नै आउन छाडेकाले सहमतिको सम्भावना नरहेको हुँदा प्रक्रियामा गएर सभापति चयनको छिनोफानोको काम अघि बढाउन आवश्यक देखिएको धारणा राखेका थिए । बैठकमा नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री सुशील कोइराला, नेकपा (एमाले)का अध्यक्ष झलनाथ खनाल र एकीकृत नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल

बाँकी अन्तिम पृष्ठमा.....

मुटुरोगीहरूलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी ढुङ्गाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो पलास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।

स्थान: अस्मानी फार्मेसी
(पुरानो घरका हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल ईण्टल हस्पिटलसँगै)
मिति : २०७० वैशाख १३ गते, शनिबार
समय : बिहान ८.00 बजेदेखि बेलुका 3.00 बजेसम्म
सिट रीमित भएकोले तु.सम्पर्क गर्नुहोला ।
सम्पर्क:
०६१-५३४७४९, ९८४६०७७४४८, ९८५६०३५११९

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस सवलाइम उच्च मा.वि.मा शैक्षिकसत्र २०७१ का लागि नर्सरीदेखि कक्षा ९ सम्म सीमित सीटमा भर्ना खुलिरहेको सहर्ष जानकारी गराउँदछौं ।
अन्य थप जानकारीका लागि विद्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
सवलाईम उच्च मा.वि.
पोखरा-७, रत्नचोक
फोन ०६१-४६४७८०, ४६३७५६

We Re-Come back with Promt Services for our clints

* Indian Railway
* E-Tickets
* Air E-Tickets (Dom', int'l)
* Tourist Bus E-Tickets
* India Package & Hotel Booking

(हामी बाराही मार्ग होटल फोर सिजन अगाडि सरेका छौं ।)
Contact: *World Touch Tours & Travels Pvt. Ltd.*
P.o. box: 506, Lakeside, Pokhara Nepal
Tel.: 061-463844, 463144
Fax : +977-61-466166, Email: sales@worldtouchtravels.com

आवश्यकता

यस कम्पनीको व्यवसाय, प्रवर्द्धन तथा शाखा विस्तारका लागी निम्न संस्थागत कर्मचारीहरु आवश्यकता

रिसेप्सनिष्ट	१ जना महिला (पोखरा र लेखनाथतर)
डाटा म्यानेजर	१ जना महिला/पुरुष (पोखरा, लेखनाथ र स्याङ्जातर)
वेभसाइट डिजाइनर	१ जना महिला/पुरुष
पि.आर अफिसर	१ जना महिला/पुरुष (पोखरातर)
कार्यालय संयोजक	१ महिला/पुरुष (पोखरा र लेखनाथतर)
स्वयम्सेवक	१० जना (महिला/पुरुष)
बजार प्रतिनिधी	४ जना (महिला/पुरुष)

के तपाई +२ पास वा सो सरह हुनुहुन्छ ?
कि तपाईंमा जोश जाँगर छ ?
या तपाई आत्मविश्वासी हुनुहुन्छ ?
यदी हुनुहुन्छ भने आफ्नो सपनेहरुलाई साकार पार्न आजैदेखि तयार हुनुहोस् ।

विस्तृत जानकारीका लागि
पोखरा ९ नयाँबजार
सम्पर्क नं : ०६१-५३८७७० ९८५४५३८०३५

50% DISCOUNT for only SLC Students

Admission Open
Diploma in
Web Designing
[Duration: 3 Month]

विषेशताहरु:
१. प्रोफेसनल Faculty द्वारा अध्यापन गराईने ।
२. वेब साइट बनाउँदा काम लाग्ने प्रोग्रामहरु जस्तै - HTML / HTML5 - Dreamweaver - CSS / CSS3 - Jquery / Ajax - Using Cpanel / Hosting - Photoshop (100% Practical Based Training) को अध्ययन गराईने ।

After **SLC** ?
बन्नु हो स्
Web Designer !!

Active
COLLEGE OF INFORMATION TECHNOLOGY
Chipledhunga, Pokhara
[Opposite to Old Saleways Dept. Store]
T: 061-551805, 9846049095
www.activeitcollege.com

We Provide You The Global Education

तत्काले
गुणस्तरीय सेवाको लागि
हामीलाई सम्झनुहोस् ।

STAR COMPUTER SOLUTION
(A Complete It Solution)
Arvind Complex Newroad, Pokhara
Ph: 061-527531, 541918, Mob: 9802820305, Email: scspokhara@gmail.com
Dealer:
Canon EPSON
STAR IT REPAIRING CENTER

प्रतिवद्धता

नव वर्ष २०७१ तथा यस प्रा.लि. संचालनको छैटौं वर्ष प्रवेशको पावन अवसरमा हामीलाई यहाँसम्म ल्याई पुऱ्याउन विश्वास एवम् भरोसाका साथ सहयोग गर्नुहुने हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा शुभेच्छुकहरुमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस अवसरमा हामी हाम्रो प्रा.लि. मार्फत आउँदा दिनहरुमा सम्पूर्ण ग्राहक वर्गहरुको चाहना र हितलाई ध्यानमा राखी हामीप्रति रहेको यहाँहरुको विश्वासलाई अझ बढि प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

TUGM
दि यूनाइटेड गोल्ड मार्ट प्रा.लि.
THE UNITED GOLD MART (P) LTD.
प्रमुख कार्यालय: चिप्लेढुङ्गा, पोखरा, ०६१-४३५७२८, ४३५७८२
०६१-४२०४२१ बिन्दवासिनी चोक, ०६१-४२०३२४ लोहरिया दोल, ०६१-४२२५४८ चिप्लेढुङ्गा
०६४-४२००३४ नारायणटोल, पाल्पा, ०६१-४२६८२० लगाङ्गुसपोक, ०६१-४२६८७० बिन्दवासिनी चोक

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिंड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय . .

पत्रकारितामा गम्भीर बनौं

नेपाल पत्रकार महासंघको आशन्न निर्वाचनका लागि चुनावी सरगर्मी ह्वात्तै बढेको छ। महासंघको नेतृत्वसहितको बहुमत ल्याउन पत्रकारका विभिन्न संगठनहरु कस्सिएका छन्। आगामी निर्वाचनका लागि विशेषतः प्रेस युनियन, प्रेस चौतारी नेपाल र क्रान्तिकारी संगठन भेला, छलफल, तयारी तथा उम्मेदवार छनौटमा केन्द्रित भएका छन्। उनीहरुले एकल र बहुपक्षीय छलफलाई समेत तीव्र पारेका छन्। प्रेस चौतारी नेपालले आफ्नो उम्मेदवार खडा गरी चुनावी मैदानमा उत्रिसकेको छ भने स्वतन्त्र पत्रकार संघ नेपालले समेत आगामी चुनावमा प्यानल नै घोषणा गरी चुनावी अभियान अघि बढाएको छ। यस्तै नेपाल प्रेस युनियन, क्रान्तिकारी पत्रकार संघ र क्रान्तिकारी पत्रकार महासंघले समेत एकल र बहुपक्षीय छलफलाई तीव्रता दिएका छन्। यसैकममा नेपाल प्रेस युनियनले बहुपक्षीय छलफल सम्पन्न गरी बागमती अञ्चल भेलामार्फत सुझाव संकलन गर्दै साझा उम्मेदवार खडा गर्ने बताएको छ। प्रेस स्वतन्त्रताको पक्षमा दशकौंदेखि क्रियाशील पत्रकार महासंघ नेपालको प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनका लागिमात्र नभई लोकतान्त्रिक गणतन्त्रका लागि भएको पछिल्लो आन्दोलनमा पनि सशक्त भूमिका निर्वाह गरेको शक्ति हो। विभिन्न आस्था र विचार बोकेकाहरूले नेतृत्व गरेको भएपनि नेपाली पत्रकारहरूको छाता संस्थाको रुपमा महासंघले आफ्नो गतिविधिलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउँदै आएको छ। पत्रकारिता गर्नु भनेको आम सर्वसाधारणलाई राजनीति, शिक्षा, स्वास्थ्य, संस्कृति, विकास निर्माण लगायतका सबै परिवेशका बारेमा बुझाउन सक्ने क्षमता राख्नु हो। त्यसका लागि पत्रकारिता गर्ने अर्थात पत्रकारहरूले देशको राजनीति, कानून, संस्कृति जस्ता मूलभूत विषयमा जानकारी लिने र आफ्ना पाठक, श्रोता तथा दर्शकलाई आफ्ना संचारमाध्यममार्फत सुसूचित गराउन सक्नुपर्छ। तसर्थ पत्रकारहरूले स्वतन्त्रताको र निष्पक्षताको पक्ष लिएर सबै विषयमा सुसूचित गराउने दायित्व पूरा गर्नु अहिलेको आवश्यकता हो। पत्रकारहरूले सबै विषयमा अर्थात आफूले सूचना प्रवाह गर्ने विषयमा राम्रो दखल हासिल गर्नुपर्ने र पत्रकारितालेे स्वतन्त्रता र निष्पक्षताको पक्ष लिनुपर्छ भन्ने विश्वव्यापी मान्यता जस्तै रहेको अवस्थामा पत्रकारहरूलाई दलीय र गैह्रदलीय रुपमा विभाजित गर्ने प्रयासलाई उपयुक्त मान्न सकिदैन। कुनैपनि विषय बुझ्न नसक्ने पत्रकारले पाठक र श्रोतालाई बुझाउनका लागि कलम चलाउन सामर्थ्य माथि नै प्रश्न उठ्छ। वर्तमान अवस्थामा पत्रकारिता पेशामा संलग्न व्यक्तिहरू तथा पत्रकारिता संग सम्बन्धित विभिन्न संघ-संस्थाको नेतृत्व वर्गले समेत पत्रकारहरूलाई क्षमतावान र प्रतिभावान बनाउँदै पेशाप्रति इमान्दार र कर्तव्यनिष्ठ बनाउन पहल गनु जरुरी छ। पत्रकार महासंघका अधिवेशन र महाधिवेशनले पनि पत्रकारहरूको व्यक्तित्व र क्षमताको विकास सँगै समग्र पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई स्पष्ट दिशानिर्देश गर्न सके भविष्यमा आम पत्रकार र संचारसंस्थालाई नागरिक स्तरबाट सकारात्मक रुपमा हेर्ने दृष्टिकोणमा बढावा हुने थियो। सरकारले श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन गर्न नसकिरहेको र पत्रकारहरूको पेशागत एवं भौतिक सुरक्षाको सवाल चुनौतिपूर्ण रहेकोलेमात्र नभई आर्थिक एवं अन्य दृष्टिकोणले समेत यो पेशा आकर्षणको पेशा बन्न नसकेको अवस्थामा यहि पेशामार्फत अकुत सम्पत्ति कमाउने र पेशालाई मागी खाने भाँडो बनाउनेहरूको संख्या पनि कम छैन। अझ भन्ने हो भने यो अवस्थामा पत्रकारिताको नाममा आफ्नो स्वार्थ पूरा गर्न खोज्नेहरू, पत्रकार महासंघ जस्तो संस्थाको गरिमा र प्रतिष्ठालाई कमजोर बनाउन खोज्नेहरू तथा आफ्नै पेशाप्रति गर्व गर्न नसक्नेहरूलाई यस किसिमका अधिवेशन र महाधिवेशनले गतिलो शिक्षा दिन जरुरी छ। यसका लागि महासंघको स्थानीय र राष्ट्रियस्तरमा जिम्मेवारी सम्हाल्नेहरू नै अझ बढी गम्भीर बन्नु जरुरी छ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल वैशाख ८ गते आइतबार, तदनुसार अप्रिल २१ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पश्चीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चल्दै छ। चान्द्रमान अनुसार वैशाखकृष्णपक्ष चलिरहेको छ। शौरमान अनुसार आज वैशाखकृष्णपक्षको सप्तमी तिथि ५३ घटि २६ पला अर्थात रातिमा २ बजेर ५८ मिनेटसम्म त्यसउप्रान्त अष्टमी तिथि लाग्नेछ। आज सूर्य मेष राशिमा रहेको छ भने धनु राशिमा ४६ घटि ५७ पला अर्थात रातिमा १२ बजेर २३ मिनेटसम्म त्यसउप्रान्त मकर राशिमा प्रवेश गर्नेछ। आज दिनमान ३२ घटि १८ पलाको रहनेछ। आज सर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ३६ मिनेटमा मैत्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ३१ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ।

वृष : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमनष्यता बढ्ने, आम्दानीको श्रोत घट्न सक्ने।

मिथुन : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

कर्कट : सामाजिक कार्यमा दुःख झेल्नुपर्ने, आत्मीयजनसंग कलह हुँदा दिनभर मनमा तनाव, यात्रामा पनि अवरोध आउने।

सिंह : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

कन्या : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसंग सुमधुर रहने, यात्रा फलदायी हुनेछ।

तुला : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला।

वृश्चिक : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ।

धनु : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

मकर : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, परिवारसँग किचलो हुने, गरेको कार्य अर्थहीन हुने।

कुम्भ : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

मीन : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सम्पत्ति शुद्धीकरण विभागमा पाँचसय बीस उजुरी

रमेश लम्साल
काठमाडौं, ७ वैशाख।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गैरकानुनी रूपमा आर्थिक उपार्जन गर्नेहरूलाई कानुनी दायरामा ल्याउनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा कार्यक्रम अगाडि बढाउने भएको छ। सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने, सही प्रकृति स्रोत, स्थान, स्वामित्व वा सो सम्पत्तिमाथिको अधिकार लुकाउने, छल्ने वा बदल्नेलाई कानुनी दायरामा ल्याउनका लागि त्यसखालका कार्यक्रम अगाडि ल्याउन लागेको हो। विभागका महानिर्देशक चुडामणि शर्माका अनुसार कानुनका निर्धारित उपायहरू अवलम्बन गरी कमाएको कुनै पनि आम्दानीलाई विभिन्न बहानामा सम्पत्तिमा बदलेर चोख्याउने वा शुद्ध पार्ने वा कानुनी रूपमा योग्य बनाउने प्रवृत्ति बढेका कारण विभाग क्रियाशील हुन लागेको हो।

राज्य संयन्त्रको दुरूपयोग गरी विभिन्न जटिल एवम् बहुचक्रीय प्रक्रिया अवलम्बन गर्ने गरेको पाइएकाले विभागले त्यस्ता व्यक्ति वा निकायलाई अनुसन्धानको दायरामा ल्याउन लागेको हो। सम्पत्ति शुद्धीकरण एवम् आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको प्रभावकारी रूपमा नियन्त्रण नभएसम्म मुलुकमा आर्थिक अनुशासन, स्थायित्व, विकास, समृद्धि तथा समुन्नतिको मार्ग तय गर्न कठिन हुने भएकाले विश्वका अधिकांश मुलुकले यस सम्बन्धमा कानुनी तथा नीतिगत, संरचनागत र अनुसन्धानात्मक व्यवस्था गरिएको महानिर्देशक शर्मा बताउँछन्। विभागमा हालसम्म ५२० वटा उजुरी परेका छन्। प्राप्त उजुरीको प्रारम्भिक जाँचबुझमा लगिएकाको सङ्ख्या १२७ वटा रहेको छ भने प्रारम्भिक अनुसन्धानमा गएकाको सङ्ख्या तीन रहेको छ। सम्पत्ति शुद्धीकरणको विषयमा परेका उजुरीमध्ये अनुसन्धानमा रहेकाको सङ्ख्या ३९० वटा रहेका छन्। विभागले विशेष अदालतमा मुद्दा दायर गरेकाको सङ्ख्या २७ रहेका छन् भने अदालतले फैसला गरेका उजुरीको सङ्ख्या १४ रहेका छन्। यस्तै विपक्षी पुनरावेदनमा गएकाको सङ्ख्या भने एउटा मात्रै छ। महानिर्देशक शर्माका अनुसार हालसम्म रु ३३ करोड ७२ लाख ५६ हजार बराबरको सम्पत्ति रोक्का, नियन्त्रण र जफत गरिएको छ। त्यसमा रोक्कातर्फ रु १४ करोड ७५ लाख ७२ हजार रहेको छ भने नियन्त्रण गरिएको सम्पत्तिमा रु १० करोड २६ लाख १२ हजार रहेको छ। यस्तै सम्पत्तिको स्रोत खुलाउन नसकेको रु आठ करोड ७० लाख ७२ हजार बराबरको सम्पत्ति भने जफत गरिएको छ। विभागमा आर्थिक वर्ष २०६९/०७० मा कुल १७२ वटा उजुरी प्राप्त भएका थिए। ती उजुरीमध्ये अनुसन्धानमा लगिएका उजुरी ११२, राजस्व अनुसन्धान विभागमा पठाइएका उजुरी ६० थिए। प्राप्त उजुरीमध्ये विशेष अदालतमा १३ मुद्दा दायर गरिएको थियो।

त्यसमा सङ्गठित र गम्भीर प्रकृतिका फौजदारी कसुर ११, वित्तीय एवम् ठगीसम्बन्धी कसुर ८७, भ्रष्टाचारजन्य कसुर सात, राजस्व चुहावट एवम् व्यापारसम्बन्धी कसुर ५५ र अन्य १७ रहेका थिए। ती उजुरीका आधारमा विभागले रु १४ करोड ७५ लाख ७२ हजार बराबरको सम्पत्ति रोक्का गरिएको थियो भने रु दश करोड २६ लाख १२ हजार बराबरको सम्पत्ति नियन्त्रणमा लिइएको थियो। यस्तै रु आठ करोड ७० लाख ७२ हजार बराबरको सम्पत्ति जफत गरी कुल रु ३३ करोड ७२ लाख ५६ हजार बराबरको गैरकानुनी सम्पत्ति नियन्त्रण गरिएको थियो।

सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने, सही प्रकृति स्रोत, स्थान, स्वामित्व वा सो सम्पत्तिमाथिको अधिकार लुकाउने, छल्ने वा बदल्ने, कसुर गरी सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने, गैरकानुनी रूपमा आर्जित आय वा कालो धनलाई विभिन्न बहानामा शुद्ध पार्नेजस्ता कसुरलाई विभागले हेर्ने गरेको छ। यस्तै, आतङ्ककारी कार्य, आतङ्कवादी व्यक्ति वा सङ्गठनले पूर्ण वा आंशिक रूपमा प्रयोग गर्ने गरी प्रत्यक्ष वा परोक्ष रूपले प्रदान गरिएको सम्पत्ति वा कोष र हातहतियार निर्माण, ओसारपसार र प्रयोगमा गरिने लगानीलाई समेत विभागले कारबाहीको दायरामा ल्याउने भएको छ।

विसं २०६८ असार ३१ गते स्थापना भई सोही सालको साउन २० गतेबाट कार्यारम्भ गरेको विभागले सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने कार्यजस्ता अपराधलाई निर्मूल पार्ने लक्ष्य राखेको छ। विभागले केही दिन पहिले भारतीय नागरिक निरञ्जन होजाईलाई गैरकानुनी रूपमा सम्पत्ति जम्मा गरेको अभियोगमा पक्राउ गरेको थियो। विभागले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर गर्ने र त्यसमा षड्यन्त्र गर्नेलाई बिगोको दोब्बर जरिवाना र दुई वर्षदेखि दश वर्षसम्म कैद र अन्य कसुर गर्ने व्यक्तिलाई सो सजायको आधा सजाय हुने व्यवस्था गरेको छ। यस्तै, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर गर्नेलाई बिगो खुलेकामा बिगोको पाँच गुणा र बिगो नखुलेकामा रु एक करोडसम्मको जरिवाना र तीन वर्षदेखि २० वर्षसम्मको कैद सजाय, अन्य कसुर गर्नेलाई सो सजायको आधा र राष्ट्र सेवक वा सूचक संस्थाको पदाधिकारी वा कर्मचारीलाई सो सजायमा थप दश प्रतिशत बढी सजाय लाग्ने कानुनी प्रावधान रहेको छ।

महानिर्देशक शर्माले उचित जनचेतनाको अभावमा सोचेजति काम गर्न नसकेको बताउनुहुन्छ। "गैरकानुनी रूपमा आर्जन गरिएका सम्पत्तिलाई नियन्त्रण र नियमन गर्न विभाग क्रियाशील छ तर उचित रूपमा सन्देश प्रवाह हुन नसक्दा सोचेजति काम भने हुन सकेको छैन। विस्तारै जनताले अनुभूति गर्ने गरी काम गर्छौं", महानिर्देशक शर्माले भन्नुभयो। विभागले अन्तर्राष्ट्रिय क्षेत्रमा वित्तीय कारवाही कार्यदल (एफएटिएफ), एसिया प्रशान्त क्षेत्रीय समूह (एपिजी) एगमन्ट समूह लगायतका निकायसँग मिलेर काम गरिरहेको छ। रासस

मिजार सभासद्‌लाई पोखरामा सम्मान

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ वैशाख।

मिजार समाज नेपाल जिल्ला समिति कास्कीले संविधान सभामा निर्वाचित मिजार समुदायका सभासद्‌लाई शनिवार पोखरामा सम्मान गरेको छ। दोस्रो संविधान सभा निर्वाचनमा देशभरबाट विजयी मिजार समुदायका सभासद्‌हरुलाई पोखरामा सम्मान गरेको हो।

सम्मानित हुनेहरुमा पूर्व राज्यमन्त्री खड्गबहादुर बस्याल, विश्वेन्द्र पासवान, डी.बी. नेपाली, ज्ञानुदेवी गैह्रे, शिवकुमारी गोतामे (नगरकोटी), धानों महरालाई सम्मान गरेको हो। समाजका संस्थापक अध्यक्ष तथा संरक्षक टिका बहादुर नेपालीले सभासद्‌लाई सम्मान गरेका थिए। साथै कार्यक्रममा समाजले संस्थापक सदस्य र समाजमा अग्रणी भूमिका निर्वाह गर्ने व्यक्तित्वहरुलाई डेसल्वा र मायाको चिनोले सम्मान गरिएको थियो। संस्थाका संरक्षकहरु, संस्थापक अध्यक्ष टिका बहादुर नेपाली, सनकमान सिके, राम नेपाली, बुद्धिबहादुर नेपाली, जितबहादुर नेपाली, श्याम मगाती र अन्य अगुवाहरु सफल व्यवसायी, पूर्व कोषाध्यक्ष ज्ञानबहादुर नेपाली, जग्गादाता डिलबहादुर नेपाली र कुशल अभिभावक चेतबहादुर नेपालीलाई सम्मान गरिएको थियो। सोहि दिन नव वर्ष २०७५ सालको भित्तेपात्रो समेत विमोचन समेत गरिएको थियो। कार्यक्रम समाजका अध्यक्ष उमेश सि.केको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजका सदस्य सोम नेपाली स्वागत गरेका थिए भने संचालन सचिव शालिकराम नेपालीले गरेका थिए।

हडकङ व्युटीको टोली बृद्धाश्रममा

पोखरा ७ वैशाख।(गोल्डेन)

छैठौं हडकङ ब्युटि ड्रयालेन्ट कन्टेष्ट-२०१४ का विजेता निसा भट्टराई सहितको टोली पोखरा बृद्धाश्रममा पुगेका छन। प्रतियोगितामा विजेता भएको खुसि साट्न पोखरा बृद्धाश्रममा रहेका बृद्धबृद्धा आमा-बाबुसंग भेटघाट गर्न आफैहरु शनिवार बृद्धाश्रममा पुगेको भट्टराईले बताईन। हडकङ हर्बल ब्युटी ईन्स्टच्युटका संचालक मिना गुरुङ सहित बृद्धाश्रम पुगेको टोलीले खाद्य तथा नगद सहयोग गरेको हो। करिब ५ हजार नगद सहयोग गरिएको थियो। हरेक वर्ष विजेता हुने हडकङ ब्युटि ड्रयालेन्ट कन्टेष्टका विजेताहरु आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बृद्धाश्रममा सहयोग गर्न जाने गरेको संचालक गुरुङले बताईन।

त्यसै गरी हडकङ हर्बल ब्युटी ईन्स्टच्युटले आफ्नो ईन्स्टच्युटमा राखेको बृद्धाश्रमको सहयोगको दान बक्समा जम्मा भएको ३ हजार १ सय ९१ रुपैया सहयोग हस्तान्तरण गरेको छ। ईन्स्टच्युटका संचालक गुरुङले उक्त रकम आईतबार पोखरा बृद्धाश्रमका उपाध्यक्ष टिकाबहादुर भण्डारीलाई हस्तान्तरण गरेकी हुन।

बर्गीकृत विज्ञापन

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता अझरहेको छ।

सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सेन्टर नं. ३०, फोन:- ०६१-५४०२२, मो. ९८४६०-४१४९२

"वंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगशेनलका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

सिद्धार्थ पूजा सामग्री भण्डार
सिद्धार्थचोक पोखराको
खुसीको खबर
हामी कहाँ विवाह, व्रतबन्ध, रुद्री, सप्ताह, चौरासी आदि पुजाहरु धर्मशा चाहिने सम्पूर्ण पूजा सामग्रीहरुको होलसेल तथा खुद्रा बिक्री गरिन्छ साथै ज्योतिष, तान्त्रिक आखत देखाउने व्यवस्था पनि गरिएको छ। साथै पश्चिताको पनि व्यवस्था छ।
सम्पर्क:, बिनोद दाहाल
०६१ ५२५३८८, ९८५६०३५८४७

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

खुशीको खबर
रु. एक हजारमा गाडी सिक्नै।
आत्मनिर्भर बनौं।
सम्पर्क:
लीला ब्रदर्श
९८१५११८०२५

निःशुल्क तालिम
यस गुरुङ हस्तकला तालिम केन्द्रले सम्पूर्ण दिदीबहिनीहरुको लागि
१. गुडिया बनाउने तालिम
२. फूल बनाउने तालिम
सम्पर्क : गुरुङ हस्तकला केन्द्र
नयाँबजार, पोखरा-९
(सगरमाथा उच्च मावि नजिकै)
सम्पर्क : ९८४६१९७४८०

जग्गा भाडामा
(कम्पाउण्ड सहितको)
पोखरा-१३ स्थित पोखरा औद्योगिक क्षेत्र हाईवे ढल्को नहरदेखि पूर्व निर्माण हुँदै गरेको १०×१२को रुम ३ वटा, गार्ड रुम १ वटा, ६ रोपनी क्षेत्रफल कम्पाउण्ड सहितको स्कूल, मन्दोवरी, पार्टी प्यालेस, कटेज रेष्टुरेण्टका लागि अति उपयुक्त, साथै लोड ट्रक कम्पाउण्ड भित्र जान सक्ने।
सम्पर्क : ९८५६०-२०३२७

सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला। सुझावका लागि : वरिष्ठ ज्योतिष भविष्यवक्ता

कुरियर सेवा
देश विदेशमा चिठीपत्र एवं अन्य पार्सल पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साझा एक्सप्रेस प्रा. लि. Sajha Express (P) Ltd.
DOMESTIC & INT'L COURIER CARGO SERVICE
पोखरा शाखा :
फोन :०६१-५३४०५०, मो. ९८४७९६५९५४

जग्गा बिक्रीमा
गैहापाटन मेन रोडबाट १०० मिटर भित्र ३ हात बाटो भएको जग्गा सुपथ मूल्यमा बिक्रीमा छ।
सम्पर्क : ९८०४१२०३०८

खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई धर तथा अफिसमैं आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्यासी, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014696, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

आकर्षक घडेरीहरु बिक्रीमा
पोखरा उपमहानगरपालिका-११ फूलवारीको सफामागमा पर्ने आकर्षक घडेरीहरु सुपथ मूल्यमा बिक्रीमा छन् ।
इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
घडेरीहरु :
२० हात मोहडा र ३५ हात पिछाड भएको-२ वटा
२० हात मोहडा र ४५ हात पिछाड भएको-१ वटा
सम्पर्क : ०६१-५३२३७२, ९८०११६८७०४

चावी घर (Key House)
सिद्धार्थचोक, पोखरा
फोन : ०६१-५२५१९०, ९८५६०२५४९०, ९८०४११३२५९
हाम्रा सेवाहरु : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्, रिपेयरिङ्, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टबक्स, टेबल, फाइलिङ्ग क्याबिनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ।
मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

खानेपानी चाहिएमा
मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् । बोरिङको नगनाउने पानी
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्या-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६,९८५६०३५७३८

अभिनय गर्दै पोखरेली संचारकर्मीहरु

गोल्डेन न्युज संवाददाता
पोखरा,७ वैशाख ।

सबैजसो संचार कर्ममा व्यस्त हुने पोखराका संचारकर्मीहरु यतिबेला अभिनय गर्दै छन । फलानो क्रियशनले निर्माण गरिरहेको टि.भी फिल्म 'शहर' मा पोखराका विभिन्न संचार गृहमा आवद्ध संचारकर्मीहरुको समेत अभिनय रहेको छ । अभिनयमा इच्छुक संचारकर्मीहरुलाई सुहाउँदो भूमिकामा प्रस्तुत गराइएको टि.भी फिल्म 'शहर' का लेखक तथा निर्देशक अपिल त्रिपाठीले बताए । पत्रकारको लागि अभिनय नयाँ विधा भएतापनि छाँयाङ्कन हुनु पूर्व सबै कलाकारलाई अभिनयको अभ्यास गराइएकोले सहज भएको निर्देशक त्रिपाठीको भनाई छ ।

टि.भी फिल्म 'शहर' मा गण्डकी मिडिया हाउसका दिपक परीयार, रामचन्द्र राई र नारायण शाहीले अभिनय गरेका छन । त्यस्तै हटलाइन दैनिकका सन्तोष परियार, रेडियो अन्नपूर्णकी उमा आलेमगर, मेगा एफ.एमका सुरज आचार्य समेतको अभिनय शहरमा हेर्न पाइने भइएको छ । टि.भी फिल्म 'शहर' मा निरज पन्त, श्री पाण्डे, मिलन थापा, ध्रुव थापा, आकाश दाहाल, निरज कार्की, अमृत सिग्देल, संजीता खनाल, निरुचल पौडेल लगायतका कलाकारहरुको अभिनय रहेको छ । सरोज अधिकारीको छाँयाङ्कन रहेको 'शहर' लाई सुवास अम्गाईले सम्पादन गरिरहेका छन । जेठ महिनाबाट प्रसारण शुरु गर्ने लक्ष्य लिएको टि.भी फिल्म 'शहर' को हाल पोखरा र आसपासका क्षेत्रहरुमा धमाधम छाँयाङ्कन भइरहेको छ । पोखरा शहरको सामाजिक तथा व्यवसायिक जीवन नै 'शहर' को विषयवस्तु रहको निर्माण पक्षले जनाएको छ । फलानो क्रियशनले गण्डकी टेलिभिजनसँगको सहकार्यमा टि.भी फिल्म 'शहर' को निर्माण गरेको हो ।

फलानो क्रियशन र डुटक गुरुङ 'टाइगर' को संयुक्त लगानी रहेको 'शहर' को मुख्य प्रायोजक युनाइटेड रेफरेन्स ल्याब्रोटरी रहेको छ भने प्रायोजन होटल प्राइड एण्ड स्पा मुस्ताङ, सह/प्रायोजन फेवासिटी हस्पीटलले गरेको छ । उक्त 'शहर' गण्डकी टेलिभिजन मार्फत प्रसारण हुदैछ ।

छन्द दिवस मनाइँदै

पोखरा ७ वैशाख ।(गोल्डेन)

आज देशका विभिन्न जिल्लामा विविध कार्यक्रम गरेर राष्ट्रिय छन्द दिवस मनाइदैछ । पोखरेली स्रष्टा कवि माधव बियोगीले राष्ट्रव्यापी आन्दोलनका रुपमा सञ्चालित छन्द बचाऊ अभियान २०५३ सालमा सुरु भएको दिन वैशाख ८ गतेलाई नेपाल सरकार र पञ्चाड निर्णायक समितिले समेत छन्द दिवसको मान्यता दिएपछि हरेक वर्ष छन्द दिवस मनाउने परम्परा कायम भएको हो । छन्दलाई एकादेशको कथा हुन नदिन काव्य संस्कृतिको रक्षा गर्न युवापुस्तालाई छन्द प्रति आकृष्ट पार्ने उद्देश्यका साथ छन्द आन्दोलन संचालन गरेको र राष्ट्रव्यापी रुपमा आन्दोलनले व्यापकता पाएको छन्द नायक बियोगी बताउँछन् । कवि बियोगीका अनुसार हालसम्म तीनहजार भन्दा बढिले छन्दज्ञान प्रशिक्षण प्राप्त गरिसकेको र छन्द विश्व विद्यालय खोल्नको लागि पहल भैरहेको छ । नेपाली कविताका छन्दको प्रयोगलाई यथास्थानमा नल्याई आन्दोलनबाट विधाम नलिने प्रतिबद्दताका साथ अघि बढेका कवि माधव बियोगीको योजनालाई आत्मसात गरेर बाडमय प्रतिष्ठान अघि बढ्ने प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद बास्तोलाले बताएका छन् ।

पोखरामा डिजिटल फिल्म सम्बन्धी कार्यशाला

गोल्डेन न्युज संवाददाता
पोखरा ७ वैशाख ।

मनकामना क्रियशन एण्ड मोडल एजेन्सीको आयोजनामा पोखरामा कास्की आईडल २०७१ हुने भएको छ । जिल्लास्तरीय खुल्ला एकल नेपाली गायन तथा नृत्य प्रतियोगिता यहि वैशाख १५ गतेदेखि हुने भएको हो । प्रतियोगिताका लागि कास्कीका ७ स्थानमा अडिसन लिइने कार्यक्रम संयोजक दीपेन्द्र अधिकारीले जानकारी दिए । मनिंड ग्लोरी एकेडेमी भरतपोखरीमा वैशाख २२ गते, जनचेतना उच्च माबि निर्मलपोखरीमा वैशाख २३ गते, बीएमजी अंग्रेजी बोर्डिङ स्कूल लेखनाथमा वैशाख २६ गते, माछापुच्छे उच्च माबि नाउँडाँडामा वैशाख २७ गते, पार्दी उच्च माबि मुस्ताङचोकमा वैशाख ३० गते, ताराकुन्ज बोर्डिङ स्कूल कार्इखोलामा जेठ २ गते र एक्सिन कट हरिचोक बगरमा जेठ ३ गते अडिसन हुने बताइएको छ । सो स्थानहरुबाट फारम समेत वितरण भइरहेको संयोजक अधिकारीले बताए । त्यसैगरी माछापुच्छे स्टेशनरी विरौटा, दुगां ब्युटी पार्लर सभागृहचोक, भण्डारी इलेक्ट्रोनिक्स पृथ्वीचोकबाट पनि फारम वितरण भइरहेको अधिकारीले जानकारी दिए । व्यवस्थापक राजन कार्कीले गायन र नृत्यतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः पचास हजार, पच्चीस हजार र पन्ध्र हजार रुपैयाँ पुरस्कार प्रदान गरिने बताए । विजयीहरुलाई जीवन बिमाको समेत व्यवस्था रहेको उनले जानकारी दिए । प्रतियोगिताको फाइनल साउनमा गरिने कार्कीले बताए । प्रतियोगितामा नृत्यतर्फ कमल राई र राजेन्द्रकमल राई निर्णायकका रुपमा रहेका छन् । गायनतर्फ भने निर्णायको टुङ्गो लाग्न बाँकी रहेको छ । गोल्डेन स्टार मल्टिमिडिया प्रालि र पोखरा मोडल एजेन्सी सहयोगी संस्थाका रुपमा रहेका छन् ।

मासबारमा शुभकामना आदानप्रदान र वृक्षारोपण

पोखरा ७ वैशाख ।(गोल्डेन)

महिला विकासका लागि आमा समूह र पोखरी पाटन टोल विकास संस्था मासबार-७ पोखराको संयुक्त आयोजनामा नयाँ वर्ष २०७१ को अवसरमा शुभकामना आदान प्रदान एवम् वृक्षारोपण कार्यक्रम शनिवार सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न प्रजातिका एक दर्जन भन्दा बढी विरुवाहरु रोपिएको थियो । विरुवाहरु नागरिक समाज पोखराले निःशुल्क उपलब्ध गराएको समूहकी अध्यक्ष मनमाया बरालले गाल्डेन न्यूजलाई जानकारी दिईन् । शुभकामना आदान-प्रदान तथा वृक्षारोपण कार्यक्रममा समाजका संयोजक रामबहादुर पौडेल, आमा समूह तथा पोखरीपाटन टोल विकास संस्थाका सल्लाहकार शोभाचन्द्र बराल, पुस्करेश्वर मन्दिर समितिका अध्यक्ष पिताम्बर बराल, आमा समूहका सल्लाहकार तथा नेपाली काँग्रेसका बडा सभापति सरोजनारायण पराजुली, नेकपा एमालेका बडा अध्यक्ष पुरुषोत्तम रेग्मी, टोल विकास संस्था बडा समन्वय समिति बडा नं ७ का अध्यक्ष रामप्रसाद बस्ताकोटी लगायतले आ-आफ्नो भनार्य राखेका थिए ।

खड्गी सेवा समितिमा शुभकामना आदान प्रदान

गोल्डेन न्युज संवाददाता
पोखरा ७ वैशाख ।

नेपाल खड्गी सेवा समिति कास्कीले नवबर्ष २०७१ को अवसरमा शुभकामना आदान प्रदान गरेको छ । समितिको कार्यालय सिप्पानीमा आयोजित कार्यक्रममा सहभागीहरुले खड्गी समुदायमा जातीय एकता आवश्यक रहेकोमा जोड दिएका थिए । उनीहरुले पछिल्लो पुस्तोले संस्कृति र जातीय पहिचान भुल्दै गएकोमा चिन्ता व्यक्त गरे । उनीहरुले नयाँ वर्ष २०७१ लाई संस्कृति संरक्षण र अधिकार प्राप्तिको वर्ष हुने विश्वास व्यक्त गरेका छन । कार्यक्रममा बोल्दै समितिका संस्थापक अध्यक्ष यज्ञबहादुर साईले आफ्नो व्यक्तित्व विकासमैंगै जागरुक बन्ने प्रण गरे । पोखरा मासु व्यवसायी समितिका अध्यक्ष विकल साईले संस्थागत सुधारका लागि सबै सदस्यमा नेतृत्व लिन सक्ने क्षमता वृद्धि हुनुपर्ने बताए । समितिका उपाध्यक्ष सोम बहादुर साईको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व केन्द्रीय उपाध्यक्ष राजेन्द्र साईं, पत्रकार महासंघ कास्कीका सदस्य शिशिर पौडेल प्रमुख सल्लाहकार दुर्गा बहादुर साईं, सल्लाहाकार मोहन बहादुर साईं, निवर्तमान अध्यक्ष भिम बहादुर साईं, कोषाध्यक्ष हर्कमान साईं, मोहरिया टोल इकाईका निर्मला खड्गी, भैरवटोल आमा समूहका गीता साईं, बागबजार टोल इकाईका कृष्णलाल साईं , युवा समितिका राजु साईं, शिव खड्गी, सिलु साईं, गौरी साईं, राजेन्द्र साईं, लक्ष्मी साईं, कृष्ण प्रसाद खड्गी, अशोक साईं, सानुकाजी साईं, सचिव गणेश साईं र सहसचिव सानु कुमार साईले शुभकामना व्यक्त गरेका थिए । उनीहरुले संयुक्त रुपमा रुपान्तरित शक्तिमा लाग्नुपर्ने जोड समेत दिएका थिए । कार्यक्रममा खड्गी समुदायका बालबालिकाले परम्परागत तथा आधुनिक नृत्य प्रस्तुत गरेर दर्शकहरुलाई मनोरञ्जन दिएका थिए ।

टप्समा पुनर्ताजगी तालिम

गोल्डेन न्युज संवाददाता
पोखरा ७ वैशाख ।

पोखराको रामघाटस्थित टप्स उच्च माविमा दुईदिने शिक्षक पुनर्ताजगी तालिम आइतबार सम्पन्न भएको छ ।

तालिम समापन कार्यक्रमका अध्यक्ष तथा विद्यालयका संस्थापक/प्राचार्य रत्नमान गुरुङले तालिममा सिकेका सीपहरुलाई कक्षाकोठमा लागू गर्न शिक्षक/शिक्षिकालाई आग्रह गरे । शैक्षिक सत्रमा टप्सले अपनाउने शैक्षिक क्रियाकलापहरुबारे प्रकाश पार्दै प्राचार्य गुरुङले समयअनुसार अध्यापन शैली र भौतिक सुविधामा समेत परिवर्तन गरिने जानकारी दिए । शनिवारदेखि सुरु भएको तालिममा प्रशिक्षक इन्दिरा थापा र कञ्चन गुरुङले बालमनोविज्ञान र उनीहरुको क्षमता बुझेर शिक्षण गरे मात्र शिक्षण-सिकाइ क्रियाकलाप सफल हुनेमा जोड दिएका थिए । तालिमका क्रममा शिक्षिक/शिक्षिकाहरुले विभिन्न समूहमा बाँडिएर विभिन्न चरणका कार्यशालाहरुसमेत सम्पन्न गरेका थिए । कार्यक्रममा उच्च माबि संयोजक कृष्णप्रसाद घिमिरे, नेपाली विभागका प्रमुख भेषराज पौडेल र शिक्षिका चेतमाया गुरुङले पनि तालिमले शिक्षणमा उपलब्धी हासिल गर्न महत पुग्ने विश्वास व्यक्त गरेका थिए । तालिममा टप्समा अध्यापनरत पूर्व प्राथमिक देखि उच्च माबि तहसम्मका शिक्षक/शिक्षिकाको सहभागिता रहेको शिक्षक रुपिन्द्र प्रभावी जानकारी दिए ।

प्रशंसनीय खोज सम्वन्धी तालिम

पोखरा ७ वैशाख ।(गोल्डेन)

पोखरा उद्योग वाणिज्य सङ्घको आयोजना तथा पोखरा फोटोग्राफर सङ्घ नेपालको समन्वयमा पोखरामा आयोजित तीन दिने रुपान्तरणका लागि प्रशंसनीय खोज सम्वन्धी तालिम आइतबार सम्पन्न भयो । महिलाहरुको सीप, क्षमता र व्यक्तित्व विकासका लागि तालिम आयोजना गरिएको पोखरा फोटोग्राफर सङ्घका अध्यक्ष दुर्गा पौडेलले बताए । पोखरा फोटोग्राफर सङ्घ महिला उपसमिति संयोजक सान्त्वना पराजुली कार्यक्रमको संयोजक रहेकी थिइन् । तालिममा ३५ जनाको महिलाको सहभागिता रहेको थियो । तालिम समापन समारोहमा प्रशिक्षक राधाकृष्ण लामिछाने र प्रशिक्षार्थीको तर्फबाट विद्या रेग्मी, शारदा गौतमले बोलेका थिए । पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष संजीवबहादुर कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा फोटोग्राफर सङ्घका अध्यक्ष दुर्गा पौडेलले धन्यवाद ज्ञापन र पोखरा उद्योग वाणिज्य सङ्घका उपमहासचिव हिरा भट्टराईले कार्यक्रम संचालन गरेकी थिइन् ।

शुभकामना आदान प्रदान

गोल्डेन न्युज संवाददाता
पोखरा ७ वैशाख ।

पोखरा इलेक्ट्रोनिक्स व्यवसायी संघ अन्तर्गत मोवाइल क्लब, पोखराद्वारा नववर्ष २०७१ सालको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम शनिवार सम्पन्न भएको छ । कार्यक्रम उपस्थित वक्ताहरुले यस्ता कार्यक्रमहरुले संस्थालाई एक ढिका भएर अगाडि बढ्न प्रोत्सान मिल्ने र आपसी समझदारी, भाइचाराको सम्बन्ध प्रगाढ बन्ने विश्वास राखेको थिए । संस्थाको आयोजनामा यहि वैशाख १९ र २० गते चौथो सेभेन ए साईड फुटबल प्रतियोगिता हुने जानकारी गराउँदै प्रतियोगिताका संयोजक दिनेश श्रेष्ठले इलेक्ट्रोनिक व्यवसायीहरुले आ-आफ्नो तर्फबाट कार्यक्रमलाई सफल बनाउन आग्रह गरेका थिए । कार्यक्रममा विभिन्न जिल्लाबाट आएर पोखरामा इलेक्ट्रोनिक्स व्यवसाय गर्दै आएका व्यवसायीको सहभागिता रहेको थियो ।

हार्दिक सम्वेदना

जन्म:
वि.स.: १९९८/६/६

स्वर्गारोहण:
वि.स.: २०७०/१२/२६

स्व. सेतीदेवी बास्तोला

हाम्रा आदरणीय दाजु तथा यस संस्थाका शुभचिन्तक श्री नवीन बास्तोला तथा बुद्धिप्रसाद बास्तोलाकी ममतामयी माता सेतीदेवी बास्तोलाको ७२ वर्षको उमेरमा असामयिक निधन भएकोमा शोकसन्तप्त परिवारमा ईश्वरले धैर्य धारण गर्ने क्षमता प्रदान गरुन् भनी हार्दिक सम्वेदना व्यक्त गर्दछौ ।

सन्दिप ढुंगाना
अध्यक्ष एवं
राखी युवा रेडक्रस सर्कल परिवार

के तपाईमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गड्बडी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चमरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपन) नि:सन्तानको सफल उपचार

बाँचे समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी १:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा -पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ९८४६०४११३१, ९८०४१७२५३१

STUDY & WORK IN JAPAN

अब तपाईको जापान जाने चाहना हामी पुरा गर्छौं ।
- No Visa No Money
- Part time job Gurantee
- No age bar
- NAT, JLPT नभएपनि Apply गर्न पाइने ।
- April session 100% successful result
- Group मा आउनेलाई विशेष छुटको व्यवस्था ।

Contact :
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool Pokhara, Medicalline
Contact:061-520113,9846646980

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

- यौन पुरुष : लिङ्को साइज बढाउन, यौन क्षमता बढाउन, नामदी, ढिलापन, टेवापन, हटाउन, पुरा सुहाग रात पर्फर्माउन्स
Herbal Livetra, Hormotex, Maxman.
- महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
- केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
- मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
- उचाइ बढाउन Step up लाखौं पैसा फिर्ता
- तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
- थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
- तौल घटाउने जापनिज deit मात्र २५००।-
- ढाड तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिन

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।

त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा नरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house



१००% ग्यारेन्टी उपचार
जाँड रक्सी
साथै चुरोट गाँजा थाहा नदिई
३ दिनमा नै छुटाउने ।

SEX सिघ स्खलन, उत्तेजना नहुने साथै लिङ्को मोटाई र लम्बाई बढाउने उपकरण जस्तो सुकै यौन समस्याको सफल उपचार
१ महिनामा ३ देखि १० के.जी.सम्म मोटोपन घटाउने
HIGHT: १ महिनामै ३ इन्च सम्म उचाई बढाउने
नेउरो : टिनेजरको जस्तै कसिलो बनाउने जेल साथै ड्रप्स
चाँया काला डण्डीफोर, दाग, चाउरीपन, मस्सिया हटाई पोतो: पुरै शरिर गोरो बनाउने Fear Look
दूधलो पातलो : शरिरको तौल एक महिना मै ३ देखि १० के.जी बढाउने ।
चिरा: महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउने हार्मिकली
रत्नः छातीलाई बढाउने, घटाउने साथै टाइटनेस क्रिम पुरुषमाथर पनि लाइदछ ।
केश: झर्न रोकी तुरुन्तै उमार्ने HERBAL OIL
पुरानो ग्याष्टिक, दम, पायल्स ठिक पार्ने हर्बल चूर्ण
POWER POINT: ढाड तथा हाडजोर्नी दुखाई तुरुन्तै ठिक पार्ने मसाज तेल
टि.भी तथा पत्रिकामा देखाइने सम्पूर्ण सामानहरु हामीकहाँ पाइन्छ ।
फ्रि होम डेलीभरी
माछापुच्छे हर्बो ट्रेड
पृथ्वीचोक (शोखरा विज्ञेश कम्प्लेक्स भित्र), फोन नं.: ०६१-५३१८६७, मो. ९८४६१-३७४९८

१००% ग्यारेन्टी उपचार

१) चायाँ, पोतो इण्डीफोर र मखियालाई एक हप्तामै ग्यारेन्टीका साथ हटाइने । (रु.3000 मात्र)
२) मोटोपना बिना Side effect 100% ८ केजी एक महिनामा घटाउने ।
३) कपाल झर्न रोक्न र कपाल उमार्ने । सेतो फुलेको कपाललाई ५ मिनेटमै कालो बनाउने ।
४) महिनामा १-३ इन्च हाईट बढाउने Dr. Ayurbeda 100%
५) मोटोपन बढाउनकालागि आयुर्वेदिक औषधी ।
६) चाउरीपना हटाउने ।
७) पिनासका लागि आयुर्वेद औषधि
८) पेटमा भएको धर्सा हटाइने विशेष गरी महिला
९) स्तन घटाउने, बढाउने र टाइट गर्ने 100% Guarantee
१०) गोरोपन र चम्किलो मुहारकालागि रूप अमृत ।
११) जाँड, रक्सी, सुर्ती, चुरोट केही दिनमा थाहा नदिइ हटाइने ।

Note:- हामीकहाँ भिन डेट गरेर हर्को कम्पेटिक ट्रोडक्ट प्रयोग गराइने 100% Guarantee का साथ ।

बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुंगा, पोखरा-४
(मल्ल इम्पोरियमको अगाडि) द्वा कम्प्लेक्स भन्दा दुई घर तल
फोन: ९८४६५५४९८८, ०६१-६२१२०२

Apply without IELTS WHY NOT NEW ZEALAND



- Comparably Affordable Tuition Fee
- Job Search Visa After Study
- High Visa Success Rate
- Get (Airport Pick Up/ 2 Weeks Accommodaion/Laptop/Mobile Sim)
PROVISION OF NTEC, Auckland
- Many - Subjects/Colleges/Cities @ Your Choice

TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara BRANCH: Chakrapath
T: 061-525739 / 521639 Maharajgunj, KTM
Ktm: 01-4720635 / 4720655 info@trinityeducation.edu.np

'पर्यटकको बसाइ लम्ब्याउन चिडियाखाना आवश्यक'

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ वैशाख ।

चौथो पोखरा महोत्सवबाट १४ लाख ११ हजार तीन सय ४७ रुपैयाँ बचत गर्न सफल भएको आयोजक युनाईटेड क्लब पोखराले दावी गरेको छ । महोत्सवबाट ५४ लाख सात हजार तीन सय ४१ रुपैयाँ आम्दानी भएको र ३९ लाख ९५ हजार नौ सय ९३ रुपैया खर्च भएको क्लबका कोषाध्यक्ष राजु श्रेष्ठले जानकारी दिए ।

क्लबका चौथो वार्षिकोत्सवका अवसरमा पोखरामा आइतबार आयोजित कार्यक्रममा महोत्सवको आय/व्यय सार्वजनीक गरिएको हो । बचत भएको रकम क्लबको उदेश्य अनुसार शिक्षा, स्वास्थ्य, खेलकुद र चिडियाखाना निर्माणका लागि खर्च गरिने बताइएको । क्लबले पुस ३० देखि माघ ८ पोखराको अमरसिंह उच्च माविको खेल मैदानमा चौथो पोखरा महोत्सव आयोजना गरेको थियो ।

कार्यक्रममा पोखरा उपमहानगरपालिका कार्यालयका कार्यकारी अधिकृत भलकराम अधिकारीले क्लबले चिडियाखाना निर्माणका लागि गरेको पहल प्रशंसनीय भएको भन्दै त्यसलाई

तस्वीर : गोल्डेन न्यूज दैनिक

पोखरा उपमहानगरपालिका कार्यालयले सघाउने प्रतिवद्धता जनाए ।पोखरा उपमहानगरपालिका कार्यालयको १८औं नगर परिषदले समेत चिडिया खानालाई प्राथमिकतामा पारेको उनले उल्लेख गरे । कार्यकारी अधिकृत अधिकारीले चिडियाखाना निर्माणका लागि यसै आर्थिक वर्षभित्र स्थानका खोजी गरि निर्माण कार्य छिट्टै अघि बढाईने जानकारी दिए । उनले चिडियाखाना निर्माणका लागि पोखरास्थित दोब्लिलाको ७२ रोपनी क्षेत्रफल जग्गाको सम्भाव्यता अध्ययन गर्न शुरु गरिएको बताए ।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष संजीवबहादुर कोइरालाले क्लबले गरेको प्रयास र संचालन गरेका गतिविधिलाई निजी क्षेत्रले सघाउने प्रतिवद्धता व्यक्त गरे । नेपाल पत्रकार महासङ्घ कास्कीका सभापति रामकृष्ण ज्वालीले पोखरा भित्रिएका पर्यटकको बसाई लम्ब्याउनका लागि चिडियाखाना आवश्यक भएको बताए । कार्यक्रममा बानका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, रामवजार पहरी चौकीका प्रमुख पहरी निरीक्षक रवीन्द्र गुरुड, राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठानका केन्द्रीय सदस्य चोलेन्द्र पौडेल लगायतले आ-आफ्नो भनाई राखेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कास्कीको भवन निर्माण सहयोगार्थ क्लबका अध्यक्ष हिमालय बर्खेलले पत्रकार महासङ्घका अध्यक्ष रामकृष्ण ज्वालीलाई १५ हजार रुपैयाँको चेक हस्तान्तरण गरेका थिए । यसअघि क्लबले महासङ्घलाई २५ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरिसकेको छ ।

युनाईटेड क्लब पोखराका अध्यक्ष हिमालय बर्खेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सुकबहादुर गुरुङले धन्यवाद ज्ञापन र सचिव लालकाजी गुरुङले कार्यक्रम संचालन गरेका थिए । युनाईटेड क्लब पोखराको चौथो वार्षिकोत्सवका अवसरमा आयोजित तीन दिवसीय कार्यक्रम अन्तर्गत अन्तिम दिन आइतबार पोखराको अमरसिंहचोकमा मैनबत्ति प्रज्वलन गरिएको छ ।

एरिना प्रालिको फुटसल औपचारिक शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा, ७ वैशाख ।

पोखराको गैह्रापाटनमा बनेको पोखरा फुटसल एरिना प्रालिले आइतबारदेखि औपचारिक रुपमा खेल खेलाउन शुरु गरेको छ । आइवार पोखराको विभिन्न संघसंस्था बीच मैत्रीपूर्ण फुटवल खेल सञ्चालन गरि उक्त फुटसलको प्रारम्भ गरिएको हो । विभिन्न ५ टिम सहभागी मैत्रीपूर्ण खेलमा आयोजककै टिम विजयी भयो । फाइनल खेलमा पोखरा फुटसलले बगर भाइखलकको टिमलाई ६-४ गोलले पराजित गऱ्यो ।

यसअघि नेपाल खेलकुद पत्रकार मञ्च कास्कीलाई ७५ गोल अन्तरले पाखा लगाउँदै आयोजकले फाइनलमा स्थान बनाएको थियो । क्वाटरफाइनलमा पोखरा उद्योग वाणिज्य संघ आयोजकसँगै ७-४ गोल अन्तरले पराजित भएको थियो । त्यस्तै सहारा क्लबलाई १३-७ गोलले पराजित गर्दै भाइखलकले फाइनलमा स्थान बनाएको थियो । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष सञ्जिव बहादुर कोइरालाले फुटबलमा पहिलो गोल गरे ।

उनको कप्तानिमा पोखरा उद्योग वाणिज्य संघबाट ईश्वर कर्माचार्य, केदार कोइराला,एवि कर्माचार्य, दिवस थापा, रमेश श्रेष्ठ, टिकाराम सुवेदी र विष्णुहरि पौंथि मैदानमा उत्रिएका थिए । विजय शाहीको कप्तानीमा मैदान उत्रिएको आयोजकको टोलिमा श्रीकृष्ण अधिकारी,अभिषेक कोइराला, अन्जन कोइराला, देवेश श्रेष्ठ, डेनिस श्रेष्ठ,शक्ति राणा, साजन पौडेल र सन्दिप पालिखे मैदान उत्रिएका थिए ।

त्यसैगरि खेलकुद पत्रकार मञ्चको तर्फबाट लोकेन्द्र ढकाल, सुरज श्रेष्ठ, धन बस्नेत, सुदिप गुरुङ, विनोद लामिछाने, दिपककुमार श्रेष्ठ, सन्देश श्रेष्ठ र दिननाथ बराल मैदानमा उत्रिएका थिए । सन्तोष गुरुङको कप्तानीमा बगर भाइखलकको टिम मैदान उत्रिएको थियो । विजयी टिमलाई कास्की जिल्ला खेलकुद विकास समितिका प्रमुख प्रकाश बरालले एक समारोहका बीच कप सहभागि र सहयोगीहरुलाई मायाको चिनो प्रदान गरे । फुटसलका निर्देशक शंकरनाथ कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए ।

फुटसल निर्माणका लागि झण्डै ८० लाख रुपैयाँ खर्च भएको प्रालिका प्रवन्ध निर्देशक अभिषेक कोइरालाले जानकारी दिए । पोखरामा रहेका फुटसल पिचमध्ये आफ्नो पिच सबैभन्दा ठूलो भएको उनले दावी छ । भित्रि पिचको आकार १८ बाई ३० मिटर रहेको छ । फुटसल परिपरमै रेष्टुरेण्ट, चेन्जिङ रुम, बायरुम लगाएतका सुविधा रहेको छ ।

बेल्ड प्रमोशन टेष्टमा ७८ जना सहभागी

गोल्डेन न्यूज संवाददाता
पोखरा, ७ वैशाख ।

नेपाल क्योकुशिन बुदोकाई करांते संघ कास्कीको बेल्ट प्रमोशन शनिवार सम्पन्न भएको छ । बेल्ट प्रमोशनमा पोखरा रंगशाला डोजो, पृथ्वीनारायण क्याम्पस डोजो, लैखनाथ डोजो, भरतपोखरीको बागमारा डोजो र त्वाड घलेल गाउँ विकास समितिस्थित लालुपाते डोजोका खेलाडीहरु गरि ७८ जनाको सहभागीता रहेको बेल्ड टेष्ट कार्यक्रममा ह्वाट बेल्ट तर्फ २३, एल्लो बेल्ट तर्फ १६, अरेन्ज बेल्ट तर्फ १५, ग्रिन बेल्ट तर्फ १५, ब्लु बेल्ट तर्फ ५ जना र ब्राउन बेल्ट तर्फ ४ जना रहेका थिए । बेल्ट प्रमोशन पश्चिमाञ्चल क्षेत्रिय प्रमुख पशिक्षक दिपकबहादुर गोदारको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं पशिक्षक दिपक गोदारले खेलाडीहरुले नियमित पशिक्षण तथा अनुशासनमा रहेर कडा अभ्यास गरेमा मात्र आफनो लक्ष्यमा पुग्न सकिने बताए । नेपाल क्योकुशिन बुदोकाई करांते संघ कास्कीका अध्यक्ष ज्ञानेन्द्र माकाजुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लेखबहादुर थापामगर, नारायण आचार्य, शेकर रिमाल, जिवनाथ लामिछाने, दिपा बर्देवा, चैत्रमान थापा, हाईन्द्र अडेमगर, सुष्मी श्रेष्ठ, सुष्मा थापा, सुनिता गुरुङले निर्णायक भुमिका निर्वाह गरेका थिए ।

कार्यक्रममा भुपु खेलाडी तथा संघका सदस्यहरु सागर गिरौले भनाई राखेका थिए ।

विश्व विकासको नाफा ७ करोड ६३ लाख

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ वैशाख ।

पोखराको चिप्लेढुङ्गा प्रधान कार्यालय रहेको विश्व विकास बैंक लिमिटेडले चालु आर्थिक वर्ष ०७०/७१ को तेस्रो त्रैमासिकसम्ममा रु.७ करोड ६३ लाख सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ । विभिन्न स्थानमा रहेका आफ्ना १४ वटा शाखा सञ्जालहरुबाट सेवा प्रदान गरेको बैंकले यस अवधिमा रु. ३ अर्व ५६ करोड निक्षेप संकलन गरि रु. २ अर्व ९७ करोड कर्जा प्रवाह गरेको छ । अधिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंकले रु. २ अर्व ९५ करोड निक्षेप संकलन तथा रु.२ अर्व ६० करोड कर्जा प्रवाह गरी रु.६ करोड २० लाख सञ्चालन मुनाफा आर्जन गरेको थियो ।

बाटो निर्माण तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ वैशाख ।

लेखनाथ , ७ वैशाख । कास्कीको भरतपोखरी गाविस वडा नं ६ मा बाटो निर्माण कार्यलाई तिव्रता दिन उपभोक्ता समिति गठन गरिएको छ । आइतबार सिलिङगेमा बसेको वडा भेलाले चेतबहादुर महतको अध्यक्षतामा बाटो निर्माण उपभोक्ता समिति गठन गरिएको हो ।

समितिको उपाध्यक्षमा टेकनाथ पौडेल, सचिवमा राजु प्रसाद पौडेल, कोषाध्यक्षमा लक्ष्मी पौडेल तथा सदस्यहरुमा शिवप्रसाद पौडेल र कविता पौडेल रहेका छन् । आइतबार बसेको वडा भेलाले सिलिङगेमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माणका लागि समेत छलफल अगाडि बढाएको शिवप्रसाद पौडेलले जानकारी दिए ।

क्रान्तिकारीको पावर हाउसमा कमिटी

पोखरा ७ वैशाख ।(गोल्डेन)

नेकपा-माओवादी निकट अखिल नेपाल क्रान्तिकारीले अपरमोदी हाईड्रो पावर मजदूर संगठन निर्माण गरेको छ ।

करिब ६ सय नेपाली र एक सय ५० चाईनिज मजदूर रहेको निर्माणाधिन हाईड्रोपावरमा १९ सदस्यीय कमिटी चयन गरेको हो । हाइड्रो पावरमा आयोजना गरिएको एक भेलाले गुन प्रसाद बरालको अध्यक्षतामा कमिटी गठन गरेको छ । त्यसैगरि उपाध्यक्षमा नवराज मोक्तान, सचिवमा सफल न्यौपाने, सहसचिवमा बाबुराम लामिछाने र कोषाध्यक्षमा विजय गुरुङ रहेका छन् । भेलामा नेकपा- माओवादीका नेता हरि चुमानले मजदूरको मुक्तिको लागि माओवादीले अभियान सुरु गरेको बताए । देशमा अर्को विद्रोहको आवश्यक भएकाले हरेक मजदूर किसान वर्गको साथ विना आन्दोलन सफल नहुने बताए ।

कार्यक्रममा मजदूर संगठनका तमुवान संयोजक अर्जुन छन्त्याल, लेखनाथ नगर कमिटी, संयोजक गोकुल पराजुली, माओवादी कास्कीका सह-सेक्रेटरी रुपेश लगायतले बोलेका थिए ।

जिल्लास्तरीय प्रशिक्षणमा तरुण दल

पोखरा ७ वैशाख ।(गोल्डेन)

नेपाल तरुण दल कास्कीको आयोजनामा पोखरामा जिल्लास्तरीय तरुण प्रशिक्षण हुने भएको छ । आउँदो वैशाख १३ गते पोखरामाको विश्राम पार्टी प्यालेस पृथ्वीचोकमा प्रशिक्षण कार्यक्रम हुने आयोजकले बताएको छ । नेपाल तरुण दलका पूर्व केन्द्रीय अध्यक्ष बालकृष्ण खाँड, केन्द्रीय अध्यक्ष उदय शमशेर राणा, पूर्व महासचिव पुष्पराज पराजुली, केन्द्रीय सदस्य जन्मजय तिर्मिल्सिना, नेपाली कांग्रेसका राष्ट्रिय प्रशिक्षक महेश दाहाल लगायतले प्रशिक्षण दिने भएका छन् । कार्यक्रममा नेपाल तरुणदलका कास्कीका ७६ इकाईबाट इकाई सभापति, सचिव, प्रतिनिधि गरी ४ जनाका दरले करिब ३ सयजना प्रशिक्षार्थीको सहभागी हुने गरी कार्यक्रम आयोजना गरिएको तरुण दल कास्कीका सचिव पदम बस्नाकोटीले जानकारी दिए । प्रशिक्षण विहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म संचालन हुने बताइएको छ ।

'वर्तमानमा पुस्तकालय महत्वपूर्ण'

पोखरा ७ वैशाख ।(गोल्डेन)

पोखरा-१५ रामबजारमा रहेको ज्ञानज्योति पुस्तकालयले 'वर्तमान सन्दर्भमा आधुनिक पुस्तकालयको महत्व' विषयक अन्तरक्रियासहित नयाँ वर्षको शुभकामना आदान-प्रदान कार्यक्रम शनिवार सम्पन्न गरेको छ । पुस्तकालयका अध्यक्ष निरज थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि शिक्षाविद् जर्ज जोनले पुस्तकालय हरुले पुराना इतिहासको संरक्षण गर्दै आधुनिकतातर्फ लाग्नुपर्ने बताए । शिक्षाविद जोनले सो अवसरमा पुस्तकालयको आधुनिक विकासका लागि आफूले पाउने मासिक पेन्सनको ५० प्रतिशत रकम पुस्तकालयलाई प्रदान गर्ने घोषणासमेत गरेका थिए । कार्यक्रममा पुस्तकालयका संस्थापक अध्यक्ष साहित्यकार तारा पाखेले समयअनुसार पुस्तकालयहरु आधुनिक हुन सकनुपर्ने बताए । कार्यक्रममा समाजसेवी वीरेन्द्र हिराचन, सचिव गुरुदत्त कोइराला लगायतले बोलेका थिए । वि. सं. २०२४ सालमा स्थापित ज्ञानज्योति पुस्तकालय पोखराका पुराना पुस्तकालयहरु मध्ये एक मानिन्छ ।

सहमतिमा...

दाहाल उपस्थित थिएनन् । एकहत्तर सदस्यीय उक्त समितिको बैठकमा ३१ जना सदस्य मात्र उपस्थित थिए । संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका अध्यक्ष एवम् संसदीय दलका नेताको प्रतिनिधित्व हुने गरी समितिको गठन गरिएको छ ।

संविधान लेखनको क्रममा सबैभन्दा महत्वपूर्ण मानिएको सबैधानिक, राजनीतिक संवाद तथा सहमति समितिको सभापति चयन कार्य सहमतिका आधारमा नभएपछि संविधानसभाले पारित गरको कार्ययोजनाअनुसार समितिको कार्यविधि, कार्यतालिका र सभापति चयन प्रक्रिया यही वैशाख १५ गतेभित्र पूरा गरिसक्नुपर्ने बाध्यात्मक परिस्थिति रहेकाले संविधानसभाका अध्यक्षले आइतवारसम्मा निर्वाचनको मिति तोक्नु हुनेछ । समितिका सभापति चयनका लागि यही वैशाख ५ गते सम्मको समयसीमा दिएकामा राजनीतिक समितिको सभापति चयनको लागि अन्तिम प्रयासका लागि समितिले शीर्ष नेताहरुलाई आइतवारसम्मको समयावधि दिएको थियो । समितिका ज्येष्ठ सदस्य सूर्यबहादुर थापाको अध्यक्षतामा सो बैठक बसेको थियो ।

तपाईले पढ्ने पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्ने पर्ने एफ.एम.
102.2
sunaulo fm

लोकतान्त्रिक...

हरिनारायण गिरी (विज्ञान)ले १ सय १०, टिकाराम पौडेलले १ सय ८, विश्वप्रकाश लामिछानेले १ सय ५, स्थिरप्रसाद खनालले १ सय २, रामचन्द्र राईले १ सय १, अलिसा आले (शासा)ले १ सय १, मित्र तमुले १ सय १, देवीप्रसाद सुवेदीले १८ र निर्मला न्यौपानेले ९६ मत प्राप्त गरी विजयी भए । यस्तै सम्मेलनबाट राष्ट्रिय प्रतिनिधिमा १९ जना विजयी भएका छन् । जसका लागि ३८ जनाले उम्मेदवारी दिएका थिए । जसमध्ये सबैभन्दा बढि मत बखानसिंह तमु (आभाप)ले २ सय ९ प्राप्त गरेका थिए । राष्ट्रिय प्रतिनिधिहरुमा हरिराज अधिकारी (कुमार), गुप्तबहादुर ठकुरी (सन्देश), दीपक कोइराला (रुपक), झलकपाणि तिवारी (रोशन), कन्चन खनाल, रामजीप्रसाद बराल (जीवन), कोमलनाथ बराल, विष्णु पौडेल, तेजकुमारी पौडेल, लालमोहन तिवारी, गंगा पोखरेल विजयी भएका छन् । त्यसैगरी निर्मला सुवेदी, दीलिपविक्रम शाही, सुमन देवकोटा, हेमबहादुर थापा, भीमबहादुर वि.क, सोमती तमु र प्रकाश पोखरेल विजयी भएका छन् ।

यसैगरी सम्मेलनले सल्लाहकारहरुमा ज्ञानबहादुर कोइराला, तेज गुरुङ, विशेश्वर हरामी, क्याप्टेन मानबहादुर गुरुङ, शालिकराम पौडेल, मानबहादुर के.सी, कृष्ण घिमिरे, राजेन्द्र तिवारी, मोहनसिंह आले, कविराज अधिकारी, पूर्ण गिरी, निर्मल अधिकारी, कृष्ण गुरुङ, अर्णानाथ बराल, डा. वुद्धिबहादुर थापा र गोमा पौडेललाई चयन गरेको छ । सम्मेलनमा प्रतिनिधि र पर्यवेक्षक ४ सय ९४ जना सहभागी थिए । २२ जना पयवेक्षक थिए । निर्वाचित जिल्ला समिति र राष्ट्रिय प्रतिनिधि निर्वाचन समितिका संयोजक लक्ष्मण गुरुङले घोषणा गरेका थिए । निर्वाचन मण्डलका अध्यक्ष कोमल बरालले जिल्ला समितिका ज्येष्ठ सदस्य पूर्ण गिरीलाई सपथ खुवाएका थिए । समापन कार्यक्रममा एमाओवादीका केन्द्रिय सदस्य तथा निवर्तमान जिल्ला संयोजक हरिराज अधिकारी (कुमार)ले नयाँ ढंगले पार्टी माथी उठाउन नयाँ कार्यसमितिले भूमिका खेल्ने बताए । सो अवसरमा केन्द्रिय सदस्य झलकपाणि तिवारी र अध्यक्ष मण्डलका कोमलनाथ बरालले पनि बोलेका थिए ।

संसदमा दुई विधेयकमाथि छलफल शुरु

काठमाडौं,७ वैशाख ।(रासस)

व्यवस्थापिका-संसद्को बैठकमा बेपत्ता भएका व्यक्तिको छानविन र सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०७० माथि सैद्धान्तिक छलफल प्रारम्भ भएको छ । छलफलमा नेपाली कांग्रेसका रमेश लेखकले मुलुकको शान्ति र रूपान्तरणका लागि विधेयक प्रस्तुत भएको तथा यसमा गम्भीर अपराधका घटनामा आममाफीको व्यवस्था नभएको बताए । एमाओवादीका अग्नि सापकोटाले विधेयक समग्रमा सकारात्मक भए पनि शान्ति सम्झौताका कतिपय भावनालाई समेटन नसकेको धारणा राखे । राप्रपा नेपालका कमल थापाले पीडितलाई न्याय दिने प्रकारको कानूनी प्रबन्ध हुनुपर्ने बताए ।

यसैगरी सिंचाइमन्त्री नारायण प्रकाश साउदले कृषि उत्पादन वृद्धि गर्न सिंचाइ र बाढीग्रस्त क्षेत्रका लागि नयाँ र प्रभावकारी नीति निर्माण योजना ल्याइने बताएका छन् । नेपाल प्रेस युनियन मोरङद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले आगामी एक वर्षभित्र सरकारले जसरी पनि देशलाई नयाँ संविधान दिने बताउँदै सरकारले प्रभावकारी कार्य सम्पन्न गर्नका लागि एक सय दिनको योजना तर्जुमा गर्ने जानकारी पनि दिए ।

अर्को प्रसङ्गमा उनले सत्य निरूपण तथा मेलमिलाप अनि वेपत्ता खोजविन आयोगको कानुन केही दिनभित्रै संसद्वाट पारित हुने बताउँदै द्वन्द्वकालीन घटनामा मानव अधिकारको हनन नहोस् र समाजमा शान्ति पनि नखलबलियोस् भनेर सचेतापूर्वक शान्ति प्रक्रिया कार्य पूर्ण गराउन लागिएको छ भने । उनले भने-वर्तमान सरकारले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकार वादीले भनेअनुसार कार्य गर्ने होइन, नेपालको भौगोलिक परिवेश र राजनीतिक सहमतिका आधारमा मानवताको रक्षा गर्दै शान्ति प्रक्रिया पूरा गराउनका लागि आयोग निर्माण हुने छ, मेलमिलापमा दुवै पक्ष खुसी भएर गरिने कार्य भएकाले यस सम्बन्धमा अनावश्यक बाधा व्यवधान खडा गर्नु उचित हुदैन ।

RECEPTIONIST TRAINING
के तपाई कुनैपनि बैंक, वित्तीय संस्था तथा कार्यालयको Customer Service/Reception मा बसेर काम गर्न योग्य हुन चाहनुहुन्छ ? आउनुहोस्, हामी तपाईलाई योग्य बनाउने जिम्मा लिन्छौं ।
पोखरामा नै पहिलोपटक
"उत्कृष्टलाई रोजगारीको व्यवस्था"
कक्षा संचालन : वैशाख १० गतेबाट
हाम्रा विशेषताहरु
❖पूर्ण पारिवारिक वातावरणमा अध्ययन गराइने ।
❖लामो समय तालिममा क्रियाशील प्रशिक्षक
❖तालिमपछि रोजगारीमा योग्यता अनुसार सघाइने
समय : दिउँसो र बेलुका
सम्पर्क : विन्ध्यवासिनी ट्रेनिङ इन्स्टिच्युट (बि.टि.आई.)
सभागृहचोक, पोखरा, फोन : ०६१-५२८३०३, ९७४६००३८८०
नोट : एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुले पनि लिन मिल्ने ४५ दिने वैकिङ तालिममा भर्ना चलिरहेको छ ।

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा
के तपाईसंग पुराना कम्प्युटरहरु छन् ? पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ५, पोखरा नगरपालिकाको कार्यालय पछाडि
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

पोखरामा नै पहिलो पटक
अब सम्पूर्ण सुविधा एकै ठाउँमा
❖कम्प्युटर, प्रिन्टर, फोटोकपी मर्मत सुविधा
❖Web र Software सम्बन्धी सम्पूर्ण सेवा
❖CCTV, PABX सम्बन्धी सम्पूर्ण कार्य
❖Housewiring र सम्पूर्ण बिजुली सम्बन्धी काम
❖Pest control र Carpet Cleaner सम्बन्धी सेवा
❖प्लम्बिङका सम्पूर्ण उपकरण मर्मत तथा फिटिङ
❖ सरसफाइ सम्बन्धी कामकाका साथै अन्य धेरै सुविधाहरु एकै ठाउँमा ।
नोट : AMC गर्ने अफिस तथा घरको लागि विशेष छुटको व्यवस्था छ ।
प्रिन्टर रिफिल मात्र रु. ४००।- मा
विस्तृत जानकारीका लागि :
Pokhara Total Facility Management Co. (Pvt). Ltd.
Nayabazar, Harati Complex, Pokhara
Ph: 061-537565, Mob: 9856031172, 9856034998
Email : pokharatfm@gmail.com, page: facebook.com/pokharatfm

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा